संघीय संसद

प्रतिनिधि सभा

**सार्वजनिक लेखा समिति**

# २३ औं

# वार्षिक प्रतिवेदन

**२०८२**

**सार्वजनिक लेखा समिति सचिवालय**

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८

*E-mail: pacommittee@parliament.gov.np*

*URL: parliament.gov.np*

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# २३ औं

# वार्षिक प्रतिवेदन

## २०८२

सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८

*E-mail: pacommittee@parliament.gov.np*

*URL: parliament.gov.np*

संघीय संसद

प्रतिनिधि सभा

सार्वजनिक लेखा समिति

बेरुजु छलफल गर्न गठित उपसमिति

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन, २०७९ उपर मिति २०८०/०६/२१, २०८०/०९/०८, २०८१/०१/१३,१४,१७,१८,२१,२५,२६, २०८१/०४/३२, २०८१/०९/८,९,११,१२,१४,१६,२९, २०८१/११/०२ गते भएको छलफलका निर्णयहरु**

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १. | **सरकारी कार्यालय** — यो वर्ष १ कार्यालयको रू. ५ करोड ६५ लाखको लेखापरीक्षण बव्यौता रहेको छ। | • लेखापरीक्षण गरिएको प्रतिवेदन प्राप्त भएको। |
| २. | **अन्य संस्था-** नेपाल रेलवे कम्पनीको लेखापरीक्षण बक्यौता रहेको छ। | • नेपाल रेल्वे कम्पनीको बाँकी रहेका सबै आ.व को आर्थिक कारोबारको लेखापरीक्षण अनिवार्य गराउने र लेखा परीक्षण निरन्तर रुपमा नगराउने प्रवृत्तिलाई निरुत्साहित गर्न यस्ता कार्यलयको बक्यौता लेखा परीक्षण सम्पन्न नहुदा सम्मका लागि बजेट रोक्का गर्ने। |
| ३. | **आवधिक योजना कार्यान्वयन** लक्ष्यअनुरूप कार्यान्वयन नहुँदा यो वर्ष ५५.६० प्रतिशत मात्र खर्च भएको देखिन्छ। | • उक्त आर्थिक वर्षमा विनियोजित बजेट खर्च गर्न नसक्नुको कारण सहितको आयोजना तथा कार्यक्रमको विवरण समितिमा पेश गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ४. | **नीति तथा कार्यक्रम कार्यान्वयन -** | |
| ४.१ | **काठमाडौं-तराई द्रुत मार्ग-** जटिल प्रकृतिका पुल तथा सुरुङ निर्माण कार्य प्रारम्भ हुन सकेको छैन। | • उल्लिखित विषय रक्षा मन्त्रालयसँग सम्बन्धित भएकोले रक्षा मन्त्रालयसँग समन्वय गरी कार्य गर्ने। |
| ४.२ | **गल्छी-त्रिसुली-मैलुङ सडक खण्डको** निर्माण व्यवसायीसँग २०७९ माघ महिनाभित्र निर्माण सम्पन गर्ने गरि सम्झौता भएकोमा यो वर्षसम्म २५ प्रतिशत प्रगति भएको छ। | • सार्वजनिक खरिद नियमावलीको नियम ३ को व्यवस्था बमोजिम निर्माण कार्य गर्नु अघि सम्पूर्ण तयारी गरेरमात्र आगामी दिनमा ठेक्का सम्बन्धी कार्य अगाडि बढाउने। |
| ४.३ | **राष्ट्रिय गौरवका आयोजनामध्ये पुष्पलाल (मध्यपहाडी) राजमार्ग-** | • निर्माण कार्य समयमा नै हुन नसक्ने कारणहरुको स्पष्ट पहिचान गरी सोको विवरण यथाशीघ्र समितिमा पेश गर्ने। |
| ४.४ | **कर्णाली करिडोर-** हुम्ला सदर मुकामसम्म मोटरबाटो पुग्न बाँकी रहेको छ। | • चालु आ.व.मा कार्य सम्पन्न हुनेगरी कार्य अगाडि बढाउने साथै यस विषयमा रक्षा मन्त्रालयसँगसमेत समन्वय गर्ने। |
| ४.५ | कोशीको चतरा देखि भोजपुर सम्मको जलयातायात सञ्चालनमा रहेको अवरोध हटाउने कार्यक्रम कार्यान्वयन गरेको देखिएन। | • नेपालभित्रका ठूला नदीहरुमा जल यातायातका सम्भावनालाई थप अध्ययन गर्ने, गराउने, सम्भाव्यता अध्ययन गर्ने, गराउने। |
| ४.६ | **पानीजहाज सञ्चालन-** पानीजहाज सञ्चालन सम्बन्धी कानून परिमार्जन नभएकोले अन्य कार्यसमेत भएको पाइएन। | • अन्तर्राष्ट्रिय कानून बमोजिम समुन्द्रमा नेपालको ध्वजाबाहक पानीजहाज चलाउने सम्बन्धमा हालसम्म कुनै कानूनी व्यवस्था नरहेकोले सो सम्बन्धी कार्य गर्ने गराउने। |
| ५. | **बजेट वक्तव्य कार्यान्वयन -** | • कार्यसम्पादनलाई तीव्रता दिने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ५.१ | सडक क्षेत्रका सूचकहरूमा लक्ष्यअनुरूप अपेक्षित प्रगति हासिल हुन सकेको छैन। रेल यातायात र जल यातायातको सूचकसमेत निर्धारण गरेको देखिएन। | • रेल यातयात र जल यातायातको औचित्यताको सम्बन्धमा विस्तृत छलफल गरी प्राथमिकता निर्धारण गरी एकीकृत नीति तथा सूचकहरु बनाएर प्रभावकारी कार्यान्वयन गर्ने। |
| ५.२ | पहिलो प्राथमिकता प्राप्त ५१ आयोजना मध्ये ४ आयोजनाको भौतिक प्रगति शून्य, १८ आयोजनाको ५० प्रतिशत भन्दा कम, १८ आयोजनाको ८० प्रतिशत भन्दा कम र ११ आयोजनाको भौतिक प्रगति ८० प्रतिशत भन्दा बढी रहेको छ। | • पहिलो प्राथमिकताका आयोजनाको उद्देश्यबमोजिम प्रगति हासिल हुन सकेको देखिएन तसर्थ यस्तो पहिलो प्राथमिकताका आयोजना छनौट र कार्यान्वयन गर्ने पद्धति नै पुनरावलोकन गर्ने।<br>• बि.सं.२०७६ साल जेठ १४ गते मन्त्रीपरिषद्बाट भएको निर्णय लाई कार्यान्वयनमा ल्याई संघ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने सडक योजना छुट्याई संघले निर्माण गर्ने योजनामा मात्र मन्त्रालयमा बजेट विनियोजन गर्ने र सोको लक्ष्यबमोजिम कार्यान्वयन गरी प्रगति हासिल गर्ने। |
| ६. | **रणनीतिक योजना कार्यान्वयन-** मन्त्रालयले रणनीतिक योजना कार्यान्वयनको प्रगति समीक्षा एवं अनुगमन गरेको पाइएन। लक्ष्य बमोजिमका योजनाहरू कार्यान्वयन नहुँदा यस क्षेत्रबाट लाभ प्राप्त गर्न सकेको छैन। | • आगामी दिनमा ठोस आयोजना छनौट गर्ने सोको आधारमा रणनीतिक योजना निर्माण गरी प्राथमिकताका साथ तोकिएको लागत र समयमै सम्पन्न गर्ने।<br>• बैशाखसम्म तयार हुने भनिएको नयाँ रणनीतिक योजना पुनरावलोकन प्रतिवेदन समितिलाई उपलब्ध गराउने। |
| ७. | **नीतिगत एवं कानूनी व्यवस्था -** भौतिक पूर्वाधार तथा यातायात | • समितिलाई जानकारी भयो महालेखापरीक्षकको प्रतिवेदनमा |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
| --- | --- | --- |
| | मन्त्रालयसँग सम्बन्धित नीति, कार्यक्रम, कार्य सञ्चालनलाई व्यवस्थित गर्न विद्यमान नीति तथा कानूनमा संशोधन एवं कार्य क्षेत्रमा पुनरावलोकनको आवश्यकता देखिएको छ। | उल्लिखित सुझाव अनुसार गर्ने। |
| ७.१ | **राष्ट्रिय यातायात नीति, २०५८-** नयाँ राष्ट्रिय यातायात नीति आवश्यक देखिएको छ। | • समितिलाई जानकारी भयो। महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार गर्ने। |
| ७.२ | अधिकार र जिम्मेवारीमा दोहोरो नपर्ने गरि कार्यक्षेत्र पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको छ। | • महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार गर्ने। |
| ८. | **बजेट र खर्च** -विनियोजित बजेटको तुलनामा ७२ प्रतिशत रहेकोमा यो वर्ष ५५.६० प्रतिशतमात्र रहेको छ। | • महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार गर्ने। |
| ९ | **वैदेशिक स्रोतको उपयोग**—लक्ष्य अनुसारको वैदेशिक सहायता प्राप्त हुन नसकेको छैन। | • आगामी दिनमा साइट क्लियरेन्स, डि.पि.आर तयारी, इआइए सम्पन्न, जग्गाको मुआब्जा वितरण लगायतका पूर्व तयारी गरेर मात्र वैदेशिक स्रोतबाट सञ्चालित आयोजनामा स्रोत विनियोजन गर्ने। |
| ९.१ | **राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम-** भारतको एक्जिम बैङ्कबाट प्राप्त हुने गरी अनुमान गरेको रकम प्राप्त हुन सकेको छैन। | • आगामी दिनमा वैदेशिक लगानीमा गर्ने सडक परियोजना निर्माणको कार्य गर्दा सम्पूर्ण सडक परियोजनालाई खण्ड-खण्डमा विभाजन गरेर कार्यान्वयन गरी सम्झौतामा तोकिए बमोजिमको अवधिभित्र सम्पूर्ण परियोजना सम्पन्न हुने गरी कार्यान्वयन गर्ने। |
| ९.२ | आयोजनाको लागि रू. ६५ करोड ६९ लाख प्राप्त हुने अनुमान गरेकोमा प्राप्त भएको छैन। | • महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १०. | **रकमान्तर एवं स्रोतान्तर** - शुरु विनियोजित रकम यथार्थपरक देखिएन। | • संसदबाट पारित नीति तथा कार्यक्रमको विपरित रकमान्तर र स्रोतान्तर गर्ने यस्तो प्रवृत्तिले संसदीय सर्वोच्चतामै उपहास गरेको छ। तसर्थ, आगामी दिनमा पर्याप्त पूर्व तयारी गरेर आयोजना बैंकमा रहेका आयोजनाको लागि मात्र बजेट विनियोजन गर्नेगरी समग्र बजेट प्रणाली र नीतिगत प्रणालीमा सुधार गर्ने र रकमान्तर एवं स्रोतान्तर गरेको समग्र विवरण संघीय संसदमा पेश गर्ने। |
| ११. | **राष्ट्रिय गौरवका आयोजना** - मन्त्रालय मातहत राष्ट्रिय गौरवका ७ आयोजनाहरू कार्यान्वयनमा रहेका छन्। | • राष्ट्रिय विकास र समृद्धिका लागि न्यूनतम भौतिक पूर्वाधारको आवश्यकता परिपूर्तिका लागि स्रोत विनियोजनमा प्राथमिकता र सुनिश्चितताका साथै कार्यान्वयनमा सघन अनुगमन गरी तोकिएको लागत र समयमा लक्षित उपलब्धि हासिल हुने गरी राष्ट्रिय गौरवका आयोजनाहरु घोषणा गरिएको हो। घोषणा गर्दा जुन उत्साहका साथ गरिएको थियो कार्यान्वयनमा उत्तिकै प्रभावकारिता नहुँदा एकातर्फ आयोजना सम्पन्न हुने समय बढ्दै गएको र त्यसले लागत बढ्दै गएको छ भने उपलब्धिमा पनि अनिश्चितता थपिँदै गएको देखिन्छ जुन राष्ट्रकै लागि दुखद विषय हो।<br>• तसर्थ, यस्ता आयोजनाको विकासका लागि बाधक मौजुदा नीति तथा कानूनमा समसामयिक परिमार्जनका साथै ठेक्का व्यवस्थापन |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | | सम्बन्धमा एकीकृत छाता कानून निर्माण गर्ने, संस्थागत समन्वयलाई प्रभावकारी बनाउने, नविनतम प्रविधिको उपयोग लगायतका कार्यहरु समेटेर रणनीतिक कार्ययोजना निर्माण गरी शीघ्र सम्पन्न गर्ने। |
| ११.१ | पूर्वमा पाँचथरको चियो भन्ज्याङदेखि पश्चिममा बैतडीको झुलाघाटसम्म कुल लम्बाइ १ हजार ८७९ किलोमिटर रहेको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना शुरु भएको १४ वर्षमा भौतिक प्रगति ६४ र वित्तीय प्रगति ६९ प्रतिशत रहेको छ। | • समस्याको सही पहिचान गरी संशोधन र थप गरिएको म्यादभित्र सम्पन्न गर्ने गरी रणनीतिक कार्ययोजना र कार्यतालिका निर्माण र शीघ्र कार्यान्वयन गर्ने। |
| ११.२ | हुलाकी राजमार्गअन्तर्गत यस वर्षसम्म ८८३ किलोमिटर कालोपत्रे र ११६ पुल निर्माण कार्य सम्पन्न भई समष्टिगत भौतिक प्रगति ८१ र वित्तीय प्रगति ५२ प्रतिशत रहेको छ। | • मुआव्जा विवाद, निकुञ्ज क्षेत्रको अलाइन्मेण्ट विवाद, लगायतका समस्यको समाधानका लागि संस्थागत समन्वय र अनुगमनलाई प्रभावकारी बनाई संशोधित म्यादभित्र आयोजना सम्पन्न गर्ने। |
| ११.३ | वसन्तपुर देखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ किलोमिटर सडक २०६५।६६ देखि शुरु भई २०८०।८१ मा सम्पन्न हुने अनुमान गरिएकोमा १३ वर्ष (८५ प्रतिशत) अवधि व्यतीत हुँदा भौतिक प्रगति ३८ र वित्तीयप्रगति २६ प्रतिशतरहेको छ। | • आयोजनाको भौतिक र वित्तीय दुवै प्रगति न्यून देखिएकोले समस्याको सही पहिचान गरी संशोधन र थप गरिएको म्यादभित्र सम्पन्न गर्ने गरी रणनीतिक कार्ययोजना र कार्यतालीका निर्माण र शीघ्र कार्यान्वयन गर्ने। |
| ११.४ | रबेनी-जोमसोम-कोरला खण्डको १९९ किलोमिटर ट्र्याक खोल्ने तथा स्तरोन्नति गर्ने लक्ष्य राखेको छ। | • लक्ष्य अनुरुप कार्य सम्पादन गर्ने। साथै यथाशीघ्र आधारित लक्ष्य निर्धारण गर्ने। |
| ११.५ | **उत्तर-दक्षिण (कर्णाली करिडोर)-** आयोजना २०६४।६५ देखिशुरु | • आयोजनाको भौतिक र वित्तीय दुवै प्रगति १५ वर्षको |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | भई २०७९।८० मा सम्पन्न हुने अनुमान रहेको थियो। समग्र प्रगति २६ प्रतिशत रहेको छ। | अवधिसम्म पनि निकै न्यून देखिएकोले उक्त आयोजनाको मूल समस्याको सही पहिचान गरी संशोधन र थप गरिएको म्यादभित्र सम्पन्न गर्ने गरी रणनीतिक कार्ययोजना र कार्यतालिका निर्माण र शीघ्र कार्यान्वयन गर्ने। |
| ११.६ | मन्त्रालयले योजना सञ्चालनमा रहेका समस्या समाधानको लागि आवश्यक समन्वय र कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन गरि तोकिएको भौतिक लक्ष्य हासिल गर्नुपर्दछ। | • महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव अनुसार गर्ने। |
| १२. | **माथिल्लो निकायबाट खरिद** - विभाग तथा निर्देशनालयहरूले मातहत कार्यालयको काममा हस्तक्षेप हुने गरि खरिद कार्य गर्नु उपयुक्त नदेखिएको बेहोरा विगतका वार्षिक प्रतिवेदनमा समेत औंल्याइएकोमा स्थिति यथावत् छ। | • खर्चको जिम्मेवारीअनुसार सम्भव भएसम्म आयोजनाको खर्चसम्बन्धी पेश्की सम्बन्धित तल्लो निकायबाट लिनेगरी सक्षम बनाउने। सम्बन्धित तल्लो निकायबाट पेश्की लिन सम्भव नभएको अवस्थामा आयोजनासँग सम्बन्धित सक्कल कागजात सम्बन्धित आयोजना कार्यालयमा समयमै हस्तान्तरण गरी लेखापरीक्षण समयमै गराउन सहयोग गर्ने। |
| | **सडक विभाग** | |
| १३. | **सम्भाव्यता अध्ययन** - रणनीतिक महत्त्वका योजना वा कार्यक्रमको मात्र विस्तृत अध्ययन गर्ने र सोको अद्यावधिक अभिलेख राख्ने, प्रतिफलमुखी योजना र कार्यक्रमको कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ। | • एउटै आयोजना तथा कार्यक्रममा दोहोरो नपर्ने गरी रणनीतिक महत्त्वका योजना वा कार्यक्रमको मात्र विस्तृत सम्भाव्यता अध्ययन गर्ने। विस्तृत सम्भाव्यता अध्ययन गरिएका हालसम्मका योजना वा कार्यक्रमको व्यवस्थित अभिलेख राख्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १४. | **लागत अनुमान -** १० वर्षभन्दा पुरानो लागत अनुमानको औसतलाई आधार बनाई सबै क्षेत्रमा सो लागत अनुमान प्रयोग गर्नु औचित्यपूर्ण देखिएन। | • आगामी दिनमा प्रविधि लगायतमा आएको परिवर्तनअनुसार समयसापेक्ष प्रत्येक क्षेत्रका लागि विशिष्ट प्रकृतिको मापदण्ड तयार गरी सो मापदण्डको आधारमा मात्र लागत अनुमान तयार गर्ने। |
| १५ | **मध्यस्थता** विभागले भुक्तानी गरेको प्रशासनिक खर्चको पुष्ट्याइ लिई यथार्थ खर्च कायम गर्नुपर्ने र मध्यस्थता ऐन, २०५५ बमोजिम हुने गरि मध्यस्थताको काम कारबाही गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ। | • मध्यस्थता ऐन, २०५५ को दफा ३५(२) अनुसार ठेक्कासम्बन्धी सम्झौता गर्दा नै सम्भव भएसम्म ठेक्का व्यवस्थापन गर्दा आउनसक्ने विवादका क्षेत्रको सम्भाव्यता अध्ययन गरी अधिकतम दाबी रकम सम्झौतामा नै तोक्ने व्यवस्था गर्ने।<br>• स्वदेशी निर्माण व्यवसायीको हकमा मध्यस्थता ऐन, २०५५ मा संशोधन गरी सूचीकृत मध्यस्थकर्तामध्येबाट मात्र मध्यस्थकर्ता तोक्ने तथा मध्यस्थकर्ताको कार्यमा नियमन गर्ने संयन्त्रको व्यवस्था गर्ने। |
| १६. | **ठेक्काको क्षतिपूर्ति रकम -** ठेक्का कार्यान्वयनमा सम्झौताबमोजिम जिम्मेवार पदाधिकारीले कारबाही गरेनगरेको अनुगमन गरि विवादित विषय समय मै समाधान गर्नुपर्दछ। | • मध्यस्थता ऐन, २०५५ को दफा ३५(२) अनुसार स्टयाण्डर्ड बिडिङ्ग डकुमेन्टमा सुधार गरी ठेक्कासम्बन्धी सम्झौता गर्दा नै ठेक्का व्यवस्थापन गर्दा आउनसक्ने विवादका क्षेत्रको सम्भाव्यता अध्ययन गरी अधिकतम दाबी रकम सम्झौतामा नै तोक्ने व्यवस्था गर्ने। |
| १७. | **पेस्कीमा थप लागत-** वित्तीय व्यवस्थापनमा कुशलताको कमीले यो | • आगामी दिनमा सञ्चित कोषमा अनावश्यक भार पर्नेगरी ऋणबाट |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | वर्षको औसत पेस्की रू.२ अर्ब १४ करोड ५१ लाखमा उपयोग बेगर नै रू.५३ लाख ६३ हजार ब्याजको थप व्ययभार परेको छ। | पेस्की लिने कार्य कम गर्ने तथा उक्त बेरुजु लगतबाट हटाउने। |
| १८. | **परामर्श सेवा** | |
| १८.१ | पुरानै दरले गणना गरेको कारणबाट पारिश्रमिक तथा शोधभर्ना हुने खर्चमा रू.२६ लाख ७१ हजार बढी मूल्य समायोजन भुक्तानी भएको छ। उक्त रकम असुल गर्नुपर्दछ। | • उक्त आयोजना सम्बन्धी थप अध्ययन गरेर स्पष्ट हुन परामर्शदाता नियुक्ति सम्बन्धी कागजात समितिमा पेश गर्ने (नयाँ दरबाट मूल्य समायोजन गणना गरि भुक्तानी दिनुपर्नेमा पुरानै दरले गणना गरेको) प्रमाण पेश नगरे असुल उपर गर्ने। |
| १८.२ | परामर्शदाताहरूको स्वविवेकमा तत्काल प्रतिस्थापनसमेत नगरी गरिने यसप्रकारको परिवर्तनबाट परामर्शदाताहरूको पद रिक्तसमेत हुन गई योजना कार्यान्वयनमा प्रभाव परेको छ। | • परामर्शदाताले सम्झौतानुसार काम नगरी नयाँ परामर्शदाता फेर्नुपर्ने भएमा निजको पारिश्रमिकबाट निश्चित रकम कट्टा हुने गरी परामर्शदाताको कार्यलाई भुक्तानीसँग जोडी जिम्मेवार बनाउन मौजुदा कानूनमा परिमार्जन गर्ने र उक्त व्यवस्था सम्झौतामासमेत राख्ने। |
| १८.३ | ५ महिनामा इन्सेप्सन रिपोर्ट पेस गरी रू.१० लाख ६२ हजार र अमेरिकी डलर ९ हजार ५४८ भुक्तानी गरेको देखिन्छ। | • उक्त कागजात समितिमा पेश गर्ने। निर्धारित समयमा काम सम्पन्न गर्ने। |
| १८.४ | आयोजना तथा कार्यालयहरूले आफैंले गर्नुपर्ने र गर्न सक्ने कार्यको लागि बाह्य परामर्शदाता लिने कार्य नियन्त्रण गर्नुपर्दछ। | • आयोजना तथा कार्यालयहरूले आफैंले गर्नुपर्ने र गर्न सक्ने कार्यको लागि बाह्य परामर्शदाता लिंदा आन्तरिक जनशक्तिको कार्यक्षमता र अनुभवमा कमी हुने हुँदा आन्तरिक जनशक्तिबाट कार्य गर्ने गरी बाह्य परामर्शदाता लिने कार्य नियन्त्रण गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| १८.५ | ती आयोजनाहरूले १५ स्थानीय र विदेशी परामर्शदातालाई शनिबार बाहेकको सार्वजनिक बिदाको रू.१ करोड ८ लाख ३४ हजार पारिश्रमिक भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम सम्बन्धित परामर्शदाताबाट असुल गर्नुपर्दछ। | • कञ्चनपुर कमला सडक योजनाहरु तथा आयोजना निर्देशनालयको भवन निर्माण समेतमा कार्यरत परामर्शदातालाई भुक्तानी हुन गएको रकम आगामी बिल भुक्तानीमा कट्टा गरी हिसाव मिलान गरिने जवाफ प्राप्त भएकोले हिसाव मिलान गरी सोको प्रमाण समितिमा पेश गर्ने। |
| १८.६ | निर्माण व्यवसायीको ढिलाइका कारण ४२ महिना ठेक्का अवधिमा न्यून प्रगति भए पनि परामर्श सेवामा करिब ७० प्रतिशत खर्च भइसकेको छ। | • परामर्शदाताको खर्चमा नियन्त्रण गर्ने। सम्पादन गर्नुपर्ने कार्य र परामर्शदाताको खर्चबीच आपसी तालमेल मिलाउने। |
| १८.७ | निर्माण व्यवसायीले काममा अस्वाभाविक ढिलाइ गरेकोमा कारबाही गरेको वा कारबाहीको लागि सिफारिश नगरेको। | • अस्वभाविक ढिला गर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गर्ने। |
| १९. | **ठेक्काको पूर्वतयारी-** मदन भण्डारी राजमार्ग आयोजना झापाको ८ खण्डका ५० किलोमिटर सडकमा रुखकटान नभै निर्माण कार्य ढिलाइ भएको वा ठेक्का लगाउन बाँकी रहेको र नारायणगढ-बुटवल सडकको दुई ठेक्कामा ठेक्काको शुरु अवधि ४२ महिनामा पोलसार्ने र रूख काट्ने काम बाँकी रही निर्माण कार्यको प्रगति न्यून रहेको छ। | • आगामी दिनमा निर्माण कार्यको पूर्व तयारी पूरा भएपश्चात मात्र ठेक्का व्यवस्थापन गरी निर्माण कार्यलाई शीघ्र सम्पन्न गर्ने।<br>• निर्माण कार्यको पूर्व तयारी पूरा नभएको यस्तो अवस्थामा बाँकी कामहरु ठेक्का व्यवस्थापनसँगसँगै शीघ्र सम्पन्न गरी निर्माण कार्यलाई शीघ्र सम्पन्न गर्ने।<br>• केही रुख काट्ने र रोप्ने लगायतका ठेक्का व्यवस्थापन अघिका पूर्व तयारीसम्बन्धी वन कानूनका व्यवस्थाहरुलाई व्यवहारिक परिमार्जन गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २०. | **म्याद थप -** यो वर्ष सडक विभागअन्तर्गत २८ कार्यालयका रू.५९ अर्ब ४३ करोड ७० लाख ९५ हजारका ५०९ ठेक्काको ४०० प्रतिशत र ९ पटकसम्म म्याद थप गर्दा पनि सम्पन्न नभएकोले अधुरा ठेक्काको संख्या बढ्दै गई रकम खर्च भएर पनि सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेको अवस्था सिर्जना भएको छ। | • पटक/पटक म्याद थप हुँदापनि निर्माण व्यवसायीले ठेक्का सम्पन्न नगर्ने र यस्तो प्रवृत्ति बृद्धि हुँदै जाँदा अधुरा ठेक्काको संख्या बृद्धि हुँदै गएको अवस्था छ। यस्तो अवस्थामा एकातर्फ सेवाग्राहीले सेवा प्राप्त नगरेको र अर्कोतर्फ राज्यको ठूलो रकम अर्थहीन भएको छ। तसर्थ, म्याद थपसम्बन्धी खरिद कानून र ठेक्का सम्झौताको व्यवस्था पूर्ण पालना गर्ने। आगामी दिनमा निश्चित सीमासम्म मात्र म्याद थप गर्ने र सो अवधिमा पनि ठेक्का सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कडा कारबाही गर्ने। |
| २१. | **सम्झौताको पालना -**अधुरा/रूग्ण ठेक्काहरूको संख्या बढ्दै गई प्राप्त हुने सेवामा ढिलाइ भइरहेको अवस्था छ। | • यस सन्दर्भमा महालेखापरीक्षकको सुझावको प्रभावकारी कार्यान्वयन गर्ने। |
| २२. | **प्याकेजिङ्ग** - फरक फरक स्थानमा निर्माण गरिने पुलको लागि अलग अलग बोलपत्र नगरेको कारणबाट ती पुलहरू समयमा नै सम्पन्न नभई कार्य अधुरो रहेका छन्। | • खरिद कार्यमा भौगोलिक यथार्थता, निर्माण कार्यको प्रकृति, लागत, निर्माण व्यवसायीको क्षमता लगायतको आधारमा प्रतिस्पर्धा नखुम्चिने गरी औचित्यपूर्ण तरिकाले मात्र निर्माण कार्यको प्याकेजिङको निर्णय गर्ने। |
| २३. | **निर्देशन पालना** - सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णय कार्यान्वयन गर्नु पर्ने। | • कहाँ कहाँ खर्च भएको छ सोको विस्तृत विवरण समितिमा पेश गर्ने। |
| २४. | **सडक मर्मत/सम्भार -**सडक यात्रा कठिन भई यात्रा गर्न लाग्ने समय पनि वृद्धि भएको छ। | • उपर्युक्त विषयमा महालेखापरीक्षकको सुझावको प्रभावकारी कार्यान्वयन गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २५. | **बीमा -** बीमा खर्चलाई प्रोभिजनल सममा राखी वास्तविक बिल बीजकका आधारमा मात्र भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ। | • निर्माण कार्यको लागत अनुमानमा राखिएको बीमा रकमसँग बराबर भएमामात्र लमसममा बीमा रकम भुक्तानी गर्ने तर लागत अनुमानमा राखिएको बीमा रकम भन्दा बढी भएमा कार्यप्रगतिको आधारमा भुक्तानी गर्ने व्यवस्था बोलपत्रसम्बन्धी कागजातमा समावेश गर्ने। |
| २६. | **बीमा दाबी -** | |
| २६.१ | विभिन्न चेनेजमा स्ट्रक्चर पहिरोले क्षति गरेको उल्लेख गरि निर्माण व्यवसायीको ठेक्का बिलबाट रू.१८लाख ५५ हजार होल्ड गरेको छ। | • होल्ड भइसकेको रकमको भुक्तानी र निर्माण सम्पन्न भएको प्रमाण समितिमा पेश गर्ने। |
| २६.२ | उत्तर दक्षिण कालीगण्डकी कोरिडोर अन्तर्गत बेनी-जोमसम-कोरला सडक खण्डमा पर्ने रुप्सेखोलामा निर्माण गरिएको एक पुल बाढी/पहिरोले पूर्ण रूपमा क्षति भई निर्माण व्यवसायीले निर्माण कार्य बन्द गरि बीमा दावी प्रक्रियामा गएको देखिएकोले बीमाबाट क्षति भएको रकम प्राप्त गरि निर्माण कार्य सम्पन्न नगरेको। | • उत्तर-दक्षिण कालीगण्डकी कोरिडोर अन्तर्गत बेनी-जोमसम-कोरला सडक खण्डमा पर्ने रुप्से खोलाको पुल र सोही सडक खण्डको खहरे खोलाको पुल दुवैको निर्माण कार्य बन्द भएको अवस्था रहेको हुँदा तत्काल दुवैको असुलउपर प्रक्रिया अगाडि बढाई राजस्व दाखिला गरी समितिमा सोको प्रमाण पेश गर्ने। |
| २६.३ | महाकाली नदीमाथि पुल निर्माण गर्दा कार्य सम्पन्न भएको महेन्द्रनगरतर्फका ३ आइल्याण्डको रू.३ करोड ६९ लाख भुक्तानी भएकोमा वर्षाबाट पूरै क्षति भएको। | • बीमा रकमबाट क्षतिग्रस्त आइल्यान्डको शीघ्र पुनः निर्माण गराई सोको प्रमाण समितिमा पेश गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २७. | **गुणस्तर परीक्षण तथा नियन्त्रण -** | |
| २७.१ | निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने केन्द्रीय निकायको रूपमा रहेको गुणस्तर अनुसन्धान तथा विकास केन्द्रले गिट्टी, सिमेन्ट, बालुवा, विटुमिन, फलामे डन्डीको परीक्षण खुल्ला नमूनाबाटगरेको, लेखापरीक्षणको क्रममा ल्याबहरू निरीक्षण गर्दापरीक्षण गरेको नदेखिएको परीक्षण असफल भएका परीक्षण प्रतिवेदनको अद्यावधिक विवरण नराखेको,मातहतका ल्याबहरूको अनुगमन नगरेको र ल्याबबाट प्राप्त आम्दानी घट्दै गइरहेकोले गुणस्तर परीक्षण तथा नियन्त्रण पक्ष कमजोर देखिएको छ। | • निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने केन्द्रीय निकायको रूपमा रहेको गुणस्तर अनुसन्धान तथा विकास केन्द्र तथा सम्पूर्ण डिभिजन कार्यालयहरुमा रहेका गुणस्तर परीक्षणका ल्यावहरुलाई पूर्ण क्षमतामा सञ्चालन गरी निर्माण सामग्रीको गुणस्तर सुनिश्चितता गर्ने।<br>• भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेका गुणस्तर परीक्षण गर्ने सम्पूर्ण उपकरणको विवरण समितिमा पेश गर्ने।<br>• गुणस्तर परीक्षणको प्रगति विवरण तथा परीक्षण गर्दा डेन्सिटि नपुगेका निर्माण सामाग्रीको अद्यावधिक अभिलेख राखी सोको विवरण पेश समितिमा पेश गर्ने। |
| २७.२ | निर्माण सामग्री उत्खनन गर्ने स्थल स्वीकृत गरि गुणस्तर परीक्षण गरिएका सामग्रीमात्र प्रयोग गर्नुपर्नेमा धेरै ठेक्काहरूमा त्यस प्रकारको स्वीकृति दिएको देखिएन। | • निर्माण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण बेगर भुक्तानी दिने अधिकारी तथा गुणस्तर आश्वस्तता योजना पेस नगर्ने र पेस गरिएका योजनाको हकमा पनि पालना नगर्ने निर्माण व्यवसायीलाई कानून बमोजिम कारबाही गर्ने। |
| २७.३ | रानी-विराटनगर सडक योजनाअन्तर्गत विराटनगर महानगरपालिका बजार क्षेत्रमा पर्ने सडकमा अन्डुलेसन देखिएको। | • सडकमा अन्डुलेसन देखिएको कारण रानी भन्सार नाकाबाट भित्रिने/बाहिरिने र स्थानीय निर्माण सामग्री/मालसामान ढुवानी |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | | गर्ने सवारीसाधनहरुले तोकिएको भन्दा बढी भारवहन गर्दा सडकमा क्षति भइरहेको हो भन्ने जवाफ प्राप्त भएकोले Per Axle Load सम्बन्धी मौजुदा कानूनी व्यवस्थाको पूर्ण परिपालना गराउन मन्त्रालयबाट प्रभावकारी अनुगमनको व्यवस्था गरी तोकिएको सीमाभन्दा बढी Per Axle Load बहन गर्ने सवारी साधनलाई कारबाही तथा क्षतिपूर्ति भराउने कार्यलाई प्रभावकारी बनाउने। |
| २७.४ | नेपालगन्जले निर्माण गरेको बर्दिया जाने सडकको कर्बस्टोन साइज स्पेसिफिकेसनमा तोकेअनुसार नभएको र फिनिसिङ नमिलेकोले सुधार गर्न निर्देशन दिएकोमा निर्माण व्यवसायीले सुधार गरेको छैन। | • कर्बस्टोन साइज स्पेसिफिकेसनमा तोकेअनुसार नभएकोमा उक्त रकमसमेत कट्टा गरी ठेक्का सम्झौता अन्त्य गरिएको जवाफ प्राप्त भएकोले बाँकी कार्य तोकिएको गुणस्तरअनुसार शीघ्र सम्पन्न गर्ने। |
| २७.५ | सडकको टेवा पर्खाल, नाली, आरसीसी ढलान तथा कालोपत्रे बिग्रीएकोले सो त्रुटि सच्याउन निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा सच्याएको छैन। | • Per Axle Load को कारण घोराही-कमिरेचौर-प्यूठान खण्डको सडक बिग्रिएकोले निर्माण व्यवसायीले मध्यस्थकर्ताको नियुक्ति गरी प्रतिरक्षा गरिदिन आवश्यक कागजात सहित सडक विभागमा अनुरोध गरिएको जवाफ प्राप्त भएकोले मध्यस्थताबाट विवाद निरुपण भएपश्चात सम्बन्धित निर्माण व्यवसायिले ठेक्काको निर्माण कार्य सम्पन्न गरी डिभिजनमा हस्तान्तरण गर्दा सम्झौताका शर्त एवं स्पेसिफिकेशन र तोकिएको गुणस्तर बमोजिम मात्र उक्त कार्य स्वीकार गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| २७.६ | डिभिजन, पाल्पाले सिद्धार्थ राजमार्गको चिडियाखोला बाँसटारी खण्डमा रू.३ करोड ५२ लाखमा अस्फाल्ट कालोपत्रे ठेक्का लगाएकोमा स्थलगत निरीक्षण गर्दा बिच-बिचमा सडक कालोपत्रे नगरि छोडेको, पीच गरेका केही स्थानहरूमा साइडनालीसम्म पीच नगरि केही ठाउँ बाँकी छोडेको र केही स्थानमा सडक दवेको अवस्था देखिएको। | • निर्माण कार्यमा सुधार गरी सम्झौता अनुसारनै कार्य सम्पन्न भई हाल सो स्थान सिद्धबाबा सुरुङ मार्ग आयोजनालाई हस्तान्तरण भैसकेको जवाफ प्राप्त भएकोले आगामी दिनमा यस्तो निर्माण कार्यको प्रभावकारी अनुगमन र निरीक्षण गरी गुणस्तर सुनिश्चित गरेरमात्र भुक्तानी दिने। |
| २७.७ | **काठमाडौं उपत्यका सडक विस्तार आयोजना-** आयोजनाले त्रुटि सच्याउन पत्राचार गरे पनि निर्माण व्यवसायीले त्रुटि सच्याएको छैन। | • आगामी दिनमा यस्तो निर्माण कार्यको प्रभावकारी अनुगमन र निरीक्षण गरी गुणस्तर सुनिश्चित गरेर मात्र भुक्तानी दिने। |
| २८ | **स्रोत सुनिश्चितता** - स्रोत व्यवस्थापन गरि निर्माण कार्य सम्पन्न गराउनुपर्दछ। | • चालु आर्थिक वर्षमा सम्झौता भई बाँकी दायित्वमध्ये आगामी आर्थिक वर्षमा सम्झौताअनुसार खर्च हुने प्रतिबद्धता रकमको अर्को वर्षको बजेटमार्फत समेत विनियोजन हुनेगरी स्रोतको सुनिश्चितता गर्ने। |
| २९. | **सडक हस्तान्तरण-** योजनालाई हस्तान्तरण नगरि डिभिजन सडक कार्यालय बाग्लुङबाट सञ्चालन र मर्मत सम्भार भई रहेको छ। | • पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गतका उल्लिखित क्षेत्रहरुको कार्य शीघ्र सम्पन्न गरी आयोजना हस्तान्तरण गर्ने। |
| ३०. | **कन्टिन्जेन्सी खर्च-** | |
| ३०.१ | **कन्टिन्जेन्सी खर्चलाई** व्यवस्थित गर्ने निर्देशिकामा सुपरभाइजरको सङ्ख्या र इन्धन खर्चको मापदण्ड एक तह माथिबाट स्वीकृत गराउने व्यवस्था गरेअनुरूप साइट र ठेक्का सङ्ख्याको आधारमा | • कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्ने निर्देशिका बमोजिमको कार्य कार्यालयबाट पूर्णरुपमा कार्यान्यवन गरी सोको |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | आवश्यक सुपरभाइजर र उपलब्ध सवारीसाधनको अवस्था र सङ्ख्याको आधारमा इन्धन एवं मर्मत खर्च अनुमान गरि स्वीकृति प्राप्त गरि खर्च गर्नुपर्नेमा त्यस्तो स्वीकृति लिने गरेको पाइएन। | जानकारी समितिलाई दिने।<br>• महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्ने। |
| ३०.२ | सडक बोर्डले नियमित मर्मत बजेट शीर्षकमा निकासा दिएको रकमबाट लेन्थ वर्कर र सुपरभाइजरको ज्यालामा खर्च गर्नुपर्ने व्यवस्था छ। सच्याउने अवधिमा रहेका पोखरा-कुस्मा सडकको संञ्चालन र मर्मत सम्भार गर्ने जिम्मेवारी निर्माण व्यवसायीकै भएको अवस्थामा गरिएको खर्च असुल गर्नुपर्दछ। | • त्रुटि सच्याउने अवधिमा रहेका पोखरा-कुस्मा सडकको संञ्चालन र मर्मत सम्भार गर्ने जिम्मेवारी निर्माण व्यवसायीकै भएको अवस्थामा लेन्थ वर्कर र सुपरभाईजरको ज्याला भुक्तानीमा योजना कार्यालयलेसमेत भुक्तानी दिएकोमा उक्त भुक्तानी दोहोरो नपरेको प्रमाण पुग्ने गरी गरिएको सम्झौता समितिमा पेश गर्ने। |
| ३०.३ | निर्माण व्यवसायीको बिलबाट कट्टा गरि राजस्व दाखिला गर्ने शर्तमा योजना कार्यालयसंग सम्झौता गरि भुक्तानी गरेको छ। | • उक्त निर्माण व्यवसायीसँग रकम शीघ्र असुल गरी दाखिला गरेको प्रमाण समितिमा पेश गर्ने। |
| ३१ | **मूल्य समायोजन-** | • ३१ नं का सबै बुँदामा रहेको बेरुजुका सम्बन्धमा ठेक्काको म्याद थप सम्झौता र इन्डेक्स फ्रिजको कागजात पेश गर्ने। |
| ३१.१ | मूल्य समायोजन गणना गरी रू.११ करोड ६५ लाख २४ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.२ | भुक्तानी गर्न नमिल्ने उक्त रकम असुल गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.३ | रू.१ करोड ८५ लाख ६५ हजार मूल्य समायोजन भुक्तानी गरेकोले असुल गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३१.४ | बढी भुक्तानी दिएको रकम असुल हुनुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.५ | खरिद सम्झौता कार्यान्वयन नगर्दा नेपाल सरकारलाई थप व्ययभार परेको उक्त रकम असुल गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.६ | रू.९ करोड ८० लाख ४१ हजार बढी भुक्तानी गरेको मूल्य समायोजन असुल हुनुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.७ | रू. ५३ लाख ७९ हजार बढी मूल्य समायोजन भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.८ | कार्यालयले फरक कोफिसिएन्टका आधारमा भुक्तानी गरेको मूल्य समायोजन रकम असुल गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.९ | रू. ६ करोड ७३ लाख १ हजार भुक्तानी दिएकोले असुल गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.१० | रू.२० लाख ६३ हजार मूल्य समायोजन भुक्तानी गरेको नियमसम्मत देखिँदैन। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३१.११ | रू.२ करोड ३६ लाख ६६ हजार असुल हुनुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३२ | **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन** -सार्वजनिक खरिद अनुगमन कार्यालयले यसको बोलपत्र कागजात तयार नगरेकोले | • सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद विधिहरु उल्लेख खरीएको र सोही ऐनको दफा ५५(१) र सार्वजनिक |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | मूल्य समायोजन, भेरिएसन लगायतका पक्षमा विविधता देखिएकोछ। | खरिद नियमावली, २०६४ को नियम ११९ ले मुल्य समायोजन गर्न सकिने व्यवस्था गरेकोमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रलयाले टेन्डर आह्वानका शर्त र खरिद सम्झौतामा उल्लिखित प्रावधानका आधारमा डिजाइन एण्ड बिल्ड अन्तर्गत निर्माण हुने सार्वजनिक संरचनामा विगतदेखि नै मूल्य समायोजन दिदैं आएको पाइएकोमा सार्वजनिक लेखा समितिले यस विषयलाई कानून बनाई व्यवस्थित गर्न मिति २०७६/११/८ गते निर्देश गरेको थियो।<br>• सोही बमोजिम मिति २०८२/०१/१५ गते सार्वजनिक खरिद नियमावलीको चौधौं संशोधन गरी डिजाइन एण्ड बिल्ड सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको अवस्था छ।<br>• डिजाइन एण्ड बिल्डमा दिईएको मूल्य समायोजन सम्बन्धमा सार्वजनिक खरिद नियमावलीको चौधौं संशोधन बमोजिम गर्ने। |
| ३३. | **पूर्व निर्धारित क्षतिपूर्ति-** | |
| ३३.१ | कार्यालयले रू. ७३ लाख ८५ हजारपूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरि होल्ड गरेर राखेको छ। उक्त रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ। | • प्रमाण पेश हुन नसकेकोले महालेखापरीक्षकको सुझाव अनुसार संचित कोषमा दाखिला गर्ने। |
| ३३.२ | निर्माण व्यवसायीबाट सम्झौता रू.२९ करोड ५६लाख ९८ हजारको | • पुर्वनिर्धारित क्षतिपूति असुल उपरको प्रमाण समितिमा पेश गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | १० प्रतिशतले हुने रू.२ करोड ९५ लाख ६९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ। | • प्रमाण नआएको भए महालेखापरीक्षकको सुझाव अनुसार असुल उपर गर्ने। |
| ३३.३ | सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले असार मसान्तसम्म ९४ दिनको रू.५१ लाख ३९ हजार पूर्वनिर्धारित क्षतिपूर्तिअसुल गर्नुपर्दछ। | • असुल उपर नगर्ने सम्बन्धमा मन्त्रिपरिषदको निर्णयको प्रमाण पेश गर्ने। |
| ३३.४ | २१० दिनको प्रतिदिन ०.००७५ प्रतिशतले सम्झौता रकमको रू. ५३ करोड ६० लाख ८८ हजारको रू. ८४ लाख ४३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ। | • सम्झौता म्याद थपको प्रमाण पेश गर्ने। |
| ३३.५ | पूर्वनिर्धारित क्षतिपूर्ति नलिई रनिङ बिल भुक्तानी गरेकोले रू.१ करोड ३१ लाख ६२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ। | • अदालतको निर्णयानुसार आवश्यक कारबाही गर्ने। |
| ३३.६ | म्याद थपको लागि निवेदन नदिएकोलेरू.७३ लाख २० हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ। | • सम्झौता म्याद थपको प्रमाण पेश गर्ने। |
| ३३.७ | रू. १ करोड ३८ लाख ७९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ। | • पूर्वनिर्धारित क्षतिपूर्तिको असुल उपर गरी राजस्व दाखिलाको प्रमाण गर्ने। |
| ३३.८ | ३७ निर्माण व्यवसायीबाट रू.१० करोड ६ लाख १४ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ। | • ठेक्काको म्याद थप र असुल उपर भएको प्रमाण पेश गर्ने। |
| ३४. | **खरिद सम्झौताको अन्त्य -** | |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| ३४.१ | पूर्वनिर्धारित क्षतिपूर्ति रू. ३ करोड १० लाखसमेत रू.४ करोड ६५ लाख २४ हजार असुल गरेको छैन। उक्त रकम असुल गरी निर्माण व्यावासायीलाई कालोसूचीमा राख्न लेखिपठाउनु पर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार गर्ने। |
| ३४.२ | बाँकी काम गर्न लाग्ने रू.१ करोड ५७ लाख ८५ हजारसमेत असुल गरि राजस्व दाखिला गर्नुपर्दछ। | • महालेखापरीक्षकको सुझाव अनुसार गर्ने। |
| ३४.३ | रू. ९ करोड २३ लाख ४१ हजार असुल हुनुपर्दछ। | • सम्मानित सर्वोच्च अदालतको फैसला अनुसार आवश्यक कारबाही गर्ने। |
| ३४.४ | धरौटीसमेत रू. ६ करोड ६० लाख २२ हजार असुल गरि निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न लेखी पठाउनुपर्दछ। | • असुलीका लागि पठाइएको पत्रको प्रतिलिपि समितिसमक्ष पेश गर्ने र असुलीका लागि आवश्यक प्रबन्ध गरी यथाशीघ्र असुल उपर गर्ने अन्यथा कानूनी कारबाही गर्ने। |
| ३५ | **भेरिएसन-** यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्: | • आगामी दिनमा संचालित हुने परियोजनामा Varitation कम हुने गरी Details Project Report (DPR) तयार गर्न निर्देश गर्ने र अस्वाभाविक Varitation हुने गरी Details Project Report (DPR) तयार गर्ने कार्यमा संलग्नलाई सचेत गराउने।<br>• अस्वभाविक Varitation भएका आयोजनाहरुको Random Sampling का आधारमा Technical Audit गर्न महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
| --- | --- | --- |
| ३५.१ | खरिद सम्झौता अनुसार निर्माण गर्नुपर्ने ८ किलोमिटर कृष्णनगर सहरी सडक घटाई २ किलोमिटर चार लेन सडक निर्माण गर्न १२.९३ प्रतिशतले सम्झौता रकममा रू.११ करोड ७४ लाख ७० हजार वृद्धिको भेरिएसन स्वीकृत गरेको नियमसम्मत देखिदैन। | • आगामी दिनमा संचालित हुने परियोजनामा Varitation कम हुने गरी Details Project Report (DPR) तयार गर्न निर्देश गर्ने र अस्वाभाविक Varitation हुने गरी Details Project Report (DPR) तयार गर्ने कार्यमा संलग्नलाई सचेत गराउने।<br>• अस्वभाविक Varitation भएका आयोजनाहरुको Random Sampling का आधारमा Technical Audit गर्न महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने। |
| ३५.२ | वालिम खोला पुल निर्माण गर्ने निर्माण व्यवसायीले २०७८।१०।४ मा पुलको निर्माण कार्य सम्पन्न गरेकोमा सम्झौता रकम११. ७८ प्रतिशत वृद्धि हुने गरि महानिर्देशकबाट २०७८।११।२९ मा रू.४० लाख ७६ हजारको भेरिएसन स्वीकृत गरेको नियमसम्मत देखिँदैन। | • आगामी दिनमा संचालित हुने परियोजनामा Varitation कम हुने गरी Details Project Report (DPR) तयार गर्न निर्देश गर्ने र अस्वाभाविक Varitation हुने गरी Details Project Report (DPR) तयार गर्ने कार्यमा संलग्नलाई सचेत गराउने।<br>• अस्वभाविक Varitation भएका आयोजनाहरुको Random Sampling का आधारमा Technical Audit गर्न महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने। |
| ३५.३ | भेरिएसन गर्दा इम्बेड्मेन्ट फिलिङको साबिकको दर प्रति घनमिटर रू.१९० बाट वृद्धि गरि रू.२६० प्रति घनमिटरकायम गर्दा रू.६ करोड ४३ लाख ६७ हजार एउटै आइटममा वृद्धि भएको छ। | • आगामी दिनमा संचालित हुने परियोजनामा Varitation कम हुने गरी Details Project Report (DPR) तयार गर्न निर्देश गर्ने र अस्वाभाविक Varitation हुने गरी Details Project Report (DPR) तयार गर्ने कार्यमा संलग्नलाई सचेत गराउने। |

| दफा नं. | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|
| | | • अस्वभाविक Varitation भएका आयोजनाहरुको Random Sampling का आधारमा Technical Audit गर्न महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने। |
| ३५.४ | सडक डिभिजन,चौरजहारीले एक निर्माण कार्यमा शुरु लागत अनुमानमा पूर्वानुमान गर्न सकिने बेस,सवबेस, ग्याबिन तथा कंक्रिटको परिमाण बढ्न गएको कारण रू.३ करोड ८ लाख १९ हजारभेरिएसनमार्फत् थप गर्ने २०७८।१०।२० मा निर्णय गरि काम गराएको छ। | • आगामी दिनमा संचालित हुने परियोजनामा Varitation कम हुने गरी Details Project Report (DPR) तयार गर्न निर्देश गर्ने र अस्वाभाविक Varitation हुने गरी Details Project Report (DPR) तयार गर्ने कार्यमा संलग्नलाई सचेत गराउने।<br>• अस्वभाविक Varitation भएका आयोजनाहरुको Random Sampling का आधारमा Technical Audit गर्न महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने। |
| ३६. | **जमानत** - समयमै म्याद थप नगर्ने नगराउने जिम्मेवार पदाधिकारीलाई कारबाही गरि पेस्की बाँकी रकममा १० प्रतिशत ब्याजसहित असुल हुनुपर्दछ। | • कार्यसम्पादन जमानत तथा पेश्की जमानतको म्याद थप भएकोमा नियमित गर्ने र सोको प्रमाण समितिमा पेश गर्ने।<br>• म्याद थप गर्ने/गराउने जिम्मेवार पदाधिकारीको सम्बन्धमा महालेखापरीक्षकको सुझाव बमोजिम गर्ने। |
| ३७. | **बढी भुक्तानी -** | |
